# नोभल कोरोना (COVID-19) रोग रोकथाम तथा नियन्त्रण
# उच्चस्तरीय समन्वय समिति

**बैठक संख्या : १६**

**मिति : २०७६।१२।२० गते बिहिबार**

**समय : अपरान्ह् ३:३० बजे**

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६/११/१८ को निर्णयबाट माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्रीज्यूको संयोजकत्वमा गठित **"नोभल कोरोना (COVID-19) संक्रमण, रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति"** को बैठक देहायका माननीय मन्त्रीज्यू तथा उच्च पदाधिकारीहरुको उपस्थितिमा बसी निम्नबमोजिमका निर्णयहरु गरियो।

<u>उपस्थितिः</u>

१. माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखरेल — संयोजक

२. माननीय गृहमन्त्री श्री रामबहादुर थापा — सदस्य

३. माननीय परराष्ट्रमन्त्री श्री प्रदीपकुमार ज्ञवाली — सदस्य

४. माननीय शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री श्री गिरिराजमणि पोखरेल — सदस्य

५. माननीय कृषि तथा पशुपन्छी विकासमन्त्री श्री घनश्याम भुषाल — सदस्य

६. माननीय स्वास्थ्य तथा जनसंख्यामन्त्री श्री भानुभक्त ढकाल — सदस्य

७. माननीय उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री श्री लेखराज भट्ट — सदस्य

८. माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री श्री योगेशकुमार भट्टराई — सदस्य

९. माननीय अर्थ र संचार तथा सूचना प्रविधिमन्त्री डा. युवराज खतिवडा — सदस्य

१०. मुख्य सचिव श्री लोकदर्शन रेग्मी, नेपाल सरकार — सदस्य

११. सचिव श्री नारायणप्रसाद बिडारी, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय — सदस्य सचिव

<u>विशेष आमन्त्रितः</u>

माननीय उर्जा, जलस्रोत तथा सिँचाई मन्त्री श्री बर्षमान पुन

माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री हृदयेश त्रिपाठी

<u>आमन्त्रितः</u>

१. सचिव श्री महेन्द्रप्रसाद गुरागाई – प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखरेलज्यूको अध्यक्षतामा बसेको नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको आज मिति २०७६ चैत २० गते बसेको १६ औं वैठकमा देहाय बमोजिम निर्णय गरियो।

१. देहायका प्रावधानहरूको पूर्ण पालना हुने सुनिश्चित गरी विकास निर्माण आयोजनाहरू, दैनिक अत्यावश्यक उपभोगका खाद्यवस्तु उत्पादन गर्ने उद्योगहरू, चिनी तथा चिया उद्योग, पशुपन्छीको दाना उत्पादन गर्ने उद्योगहरू, इटाभट्टाहरू र जनक शिक्षा सामग्री केन्द्र सञ्चालन गर्न दिने।

   (क) श्रमिक र अन्य जनशक्तिहरू अनिवार्य रूपमा कार्यस्थलभित्रै रहनुपर्ने, उनीहरूलाई आवास र खानाको व्यवस्था कार्यस्थलभित्रै गरिनुपर्ने, कार्यस्थलबाट बाहिर जान र कार्यस्थलबाहिर रहेका परिवारका सदस्यलगायत अन्य कुनै पनि व्यक्तिहरूसँग सम्पर्कमा आउन नदिने,

   (ख) कार्यस्थलमा व्यक्ति व्यक्तिबीच न्यूनतम भौतिक दूरी कायम गर्नुपर्ने,

   (ग) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको स्वास्थ्य सम्बन्धी प्रोटोकल पालना गर्ने,

   (घ) श्रमिक लगायत कार्यस्थलमा रहने सबैको दैनिक ज्वरो नाप्ने, नियमित स्वास्थ्य जाँच गर्ने, मास्क, सेनिटाइजर तथा साबुन पानीको प्रयोग गर्ने गराउने,

   (ङ) एम्बुलेन्स स्टयाण्ड बाइ राख्ने व्यवस्था गर्ने,

   (च) यी प्रावधानहरू पालना गर्ने गराउने जिम्मेवारी विकास निर्माण आयोजनाहरूको हकमा आयोजना प्रमुख एवं विभागीय प्रमुखको र निजी क्षेत्रबाट सञ्चालित उद्योगको हकमा उद्योगधनी तथा सञ्चालकको हुने।

   (छ) प्रदेश सरकार, स्थानीय प्रशासन र स्थानीय तहले यी प्रावधानहरूको पालना भए नभएको अनुगमन गर्ने।

२. सिजन अनुसार तत्कालै लगाउनुपर्ने र उठाउनुपर्ने बाली लगाउने र उठाउने कार्य गर्न दिने। यस्तो कार्य गर्दा न्यूनतम भौतिक दूरी कायम गर्ने, मास्क लगाउने, सेनिटाइजर प्रयोग गराउने, नियमित रूपमा साबुन पानीले हात धुने। स्थानीय तह र स्थानीय सुरक्षा निकायले समन्वयात्मक रूपमा यसको अनुगमन गर्ने।

३. राजमार्गहरूमा करिब १०० किलोमिटरको दूरीमा रहेका पेट्रोल पम्पको नजिक पर्ने गरी सवारी साधनको साधारण मर्मत गर्ने वर्कशप खोल्न दिने। स्थानीय सुरक्षा निकायले यसको अनुगमन गर्ने।

४. सम्बन्धित मन्त्रालय, विभाग, प्रदेश सरकार र स्थानीय तहले बुँदा १ देखि ३ सम्मका सबै प्रावधानहरूको पालना सुनिश्चित गर्न र आवश्यक समन्वय गर्न नोडल अफिसरहरू तोक्ने।

५. आवागमन उपर थप निगरानी गरी चेकजाँचमा कडाइ गर्ने।

सचिव

मा. ईश्वर पोखरेल
उपप्रधानमन्त्री तथा रक्षामन्त्री

६. तरकारी, फलफूल, खाद्यवस्तु, खानेपानी, दुध, औषधि बिक्री वितरणका कार्यहरूलाई स्वास्थ्य सुरक्षाका आवश्यक प्रबन्धहरू (भीडभाड नगर्ने, क्रेता तथा बिक्रेताले मास्क र सेनिटाइजरको प्रयोग गर्ने गराउने, बिक्रीस्थलमा फिनेल/डिटोल आदिको प्रयोग गरी सफाइ गर्ने) गरी, भौतिक दूरी कायम गरी गराई सेवा प्रवाह गर्ने। यस कार्यका लागि स्थानीय प्रशासनले स्थानीय तहसँग समन्वय गर्ने।

७. सीमानाकामा हुने व्यक्तिहरूको आवागमन रोक्ने। यस अघि संक्रमणको अवधिभित्र नेपाल प्रवेश भइसकेका व्यक्तिहरूको निगरानी तथा स्वास्थ्य परीक्षण गर्ने, क्वारेन्टाइनको व्यवस्थापन गर्ने, संक्रमितको परीक्षण गर्ने, आइसोलेसनको व्यवस्थापन गर्ने तथा औषधि उपचारका कार्यहरूलाई थप प्रभावकारी तुल्याउने कार्यहरूमा प्रदेश सरकार र स्थानीय तहले समन्वयात्मक रूपमा कार्य गर्ने।

८. नेपाली सेनाको तर्फबाट खरिपाटीस्थित नेपाल विद्युत प्राधिकरणको तालिम केन्द्रमा क्वारेन्टाइनमा राख्दाको खर्च र विभिन्न प्रदेशमा औषधि उपकरणहरूको हवाई ढुवानी गर्दा भएको खर्च नियमानुसार कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषबाट नेपाली सेनालाई शोधभर्ना गर्ने व्यवस्था मिलाउने।

९. स्थानीय रूपमा स्थापना भएका क्वारेन्टाइनको खाना खर्च तोकिएको मापदण्डका आधारमा सम्बन्धित प्रदेश सरकार तथा स्थानीय तहले स्थापना गरेको कोषबाट व्यहोर्ने।

१०. सर्वसाधारण नागरिकहरूका लागि अत्यावश्यक उपभोग्य सेवा तथा वस्तुहरूको आपूर्तिको व्यवस्था मिलाउने। यसका लागि गृह मन्त्रालयले आवश्यक समन्वय गर्ने।

११. कोभिड-१९ को संक्रमण, रोकथाम तथा नियन्त्रण गर्न आवश्यक पर्ने औषधि तथा उपकरणहरू निजी क्षेत्रबाट प्रतिस्पर्धात्मक रूपमा खरिद गर्ने व्यवस्था स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिलाउने। निर्धारित अवधिभित्र निजी क्षेत्रबाट प्रतिस्पर्धात्मक रूपमा औषधि, उपकरण तथा सामग्री पर्याप्त आपूर्ति हुन नसकेमा सरकार-सरकारबीच (G to G) प्रक्रिया अवलम्बन गरी खरिद गर्ने।

१२. नेपाल भ्रमण गर्न भिसा प्राप्त गरेका विदेशी पर्यटकहरूको कोभिड-१९ को संक्रमणका कारणले भिसा अवधि समाप्त भएकोमा सोही अवधि बराबर हुने गरी नियमानुसार भिसा अवधि थप गर्ने व्यवस्था मिलाउने।

१३. नेपालमा कोभिड-१९ को संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारका लागि स्थापित "कोरोना भाइरस संक्रमण, नियन्त्रण तथा उपचार कोष" मा उत्साहपूर्वक योगदान गर्नुहुने व्यक्ति, संघ, संस्था तथा विभिन्न निकायहरूलाई धन्यवाद दिंदै यस कोषमा थप योगदानका लागि सबैमा आव्हान गर्ने।

२०७६।१२।२० 
सचिव

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

मा. ईश्वर पोखरेल
उपप्रधानमन्त्री तथा रक्षामन्त्री